*प्रेस विज्ञप्ति*

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

बिहीबार, २०६७ भदौ ३१

**यौन अल्पसङ्ख्यकहरूलाई समान अधिकार दिने अदालतको आदेशको सम्मान गरः उच्चायुक्तको कार्यालय**

काठमाडौं — तेस्रो लिङ्गी समुदाय आफ्नो मौलिक हकको उपभोग गर्न सडकमा उत्रेको बेला, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय—नेपाल) समान अधिकारबारे सर्वोच्च अदालतले २०६४ सालमा खासगरी यौन अल्पसङ्ख्यकहरूका सदस्यहरूलाई समानताका आधारमा नागरिकता तथा परिचयपत्र जारी गर्ने सम्बन्धमा गरेको फैसलाको प्रभावकारी कार्यान्वयनलाई गति दिन सरकारलाई गरेको आह्वान पुनः दोहऱ्याउँछ।

नेपालमा तेस्रो लिङ्गीका सदस्यहरूले सहनुपरेको गम्भीर प्रकारका विभेद तथा अपमानित हुनुपर्ने अवस्था र राज्यद्वारा उनीहरूको मानवअधिकारप्रति सम्मान नभएकोमा उच्चायुक्तको कार्यालय चिन्तित छ। प्रमुख दस्तावेज र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार संयन्त्रका निर्णयले महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रोलिङ्गी, मेटी (एलजीबीटीआई) तथा अन्य यौन अल्पसङ्ख्यकहरूलाई अविभेद र समानताको अधिकार दिएको छ भन्नेतर्फ यो कार्यालय औंल्याउँछ।

“वास्तवमा सर्वोच्च अदालतको ऐतिहासिक निर्णयमार्फत् एलजीबीटीआईका सदस्यहरूलाई समान अधिकार प्रदान गर्ने एकमात्र दक्षिण एसियाली राष्ट्रका रूपमा नेपालको प्रशंसा गरिनुपर्छ," उच्चायुक्तको कार्यालय—नेपालका कार्यवाहक प्रमुख ज्योति साङ्गेराले भन्नुभयो।

“काठमाडौंमा यौन अल्पसङ्ख्यकहरूले गरेको पहिलो तथा दोस्रो दिनको विरोध कार्यक्रमहरूका लागि मेरो कार्यालयले मानवअधिकार अनुगमनकर्ताहरूको टोली खटाएको छ। हाम्रा अनुगमनकर्ताहरूले विरोध कार्यक्रमहरू शान्तिपूर्ण रहेका र प्रहरीले जिम्मेवारीपूर्वक कार्य गरेको बताएका छन्," ज्योति साङ्गेराले भन्नुभयो, “म सरकारका निकायहरूलाई अदालतको आदेशलाई यथासम्भव चाँडो कार्यान्वयन गरी कानुनको शासनको सम्मान गर्न आह्वान गर्दछु।"

**Office of the High Commissioner for Human Rights - Nepal**

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937